नेपाल सरकार

# स्वास्थ्य बीमा बोर्ड

पत्र संख्या : २०७८।०७९

चलानी नं.: ६८९

फोन नं. : ०१-४१००२२३

टोल फ्री : १६६००१११२२४

टेकु, काठमाडौं

नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड टेकु, काठमाडौं २०७४

मितिः २०७८।११।१८

विषयः दाबी व्यवस्थापन सम्बन्धमा ।

श्री स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध
सेवा प्रदायक स्वास्थ्य सँस्थाहरू (सबै)

मिति २०७८।१०।१४, च.नं. ६०९ को पत्रअनुसार मिति २०७८ मंसिर महिना सम्म गरिएका सम्पूर्ण दाबीहरूको आवश्यक कागजातहरू मिति २०७८ माघ मसान्त सम्म (अन्तिम पटकका लागि भनि) अनिवार्य अपलोड गरी Submit गर्ने समयसिमा भित्र पनि अपलोड नभएका दाबीहरू IMIS Software बाट स्वचालित (Automatic) रूपमा स्वीकार हुन नसक्ने र त्यस्ता दाबीहरूको भुक्तानी गर्न स्वास्थ्य बीमा बोर्ड बाध्य नहुने जानकारी गराईएकै छ ।

स्वास्थ्य बीमा बोर्डसँग आवद्ध सेवा प्रदायक संस्थाहरूबाट IMIS Software हाल दैनिक करिब २५ देखि ३० हजारको हाराहारीमा दाबी हुने गरेको तर समयमै आवश्यक बील भरपाई लगायतका डकुमेन्टहरू अपलोड र Submit नगरि लामो समय Hold राख्ने कार्य भएकोले दाबीहरू समयमै राफसाफ हुन नसकि समयमा दाबी भुक्तानी फरफारक हुन नसकेकोले IMIS Software मा परिमार्जन गरी समयसिमा सिमित बनाईएको छ । साथै स्वास्थ्य बीमा बोर्डबाट समयमा भुक्तानी नपाएको भन्ने समाचारहरू प्रकाशित हुन थालेकोले दाबी व्यवस्थापनलाई छिटो, स्वस्थ्य र पारदर्शि बनाउनको लागि IMIS Software लाई परिमार्जन गर्ने कार्य गरिएको छ ।

पुनः मिति २०७८ पुष १ गते देखि फागुन १५ गते सम्मका दाबीसँग सम्बन्धित सबै डकुमेन्टहरू सहित आवश्यक कागजातहरू फागुन मसान्त (फागुन ३० गते राति १२.०० बजे भित्र) अनिवार्य अपलोड गरि Submit गर्नु हुन सम्बन्धित सबैलाई यो पत्र/सूचना प्रेषित गर्ने कार्य गरिएको छ ।उक्त समयमा डकुमेन्ट अपलोड हुन नसकेका दाबीहरूलाई यस अघि जस्तै IMIS Software ले स्वचालित (Automatic) रूपमा अस्वीकृत (Rejected) गर्ने व्यहोरा समेत अनुरोध छ ।

साथै दाबी भुक्तानिलाई समयानुकुल छिटो छरितो, स्वस्थ्य र पारदर्शि बनाउनको लागि मिति २०७८ चैत्र १ गतेदेखि लागुहुने गरी तपसिल बमोजिम IMIS Softwareमा परिवर्तन गरिएकोले सोहि अनुसार गर्नु/गराउनु हुन अनुरोधछ।

क) दैनिक गरिएका दाबीहरू सोहि दिनको राति १२.०० बजे पछि **Edit** (परिमार्जन) गर्न नमिल्ने ।

ख) दाबी गरिएको मितिबाट ७ दिन पछाडि **Submit** (प्रविष्ट) गर्न नमिल्ने ।

ग) दाबी गरेको मितिबाट १५ दिन पछाडि डकुमेन्टहरू **Upload** (अपलोड वा परिमार्जन) गर्न नमिल्ने ।

(शोभित रिजाल)
शाखा अधिकृत

बोधार्थः

श्री नीति योजना शाखा, स्वास्थ्य बीमा बोर्ड, टेकु ।

श्री सूचना प्रविधि शाखा, स्वास्थ्य बीमा बोर्ड, टेकुः *यसै अनुसार व्यवस्थापन गर्नु हुन ।*

श्री दाबी व्यवस्थापन शाखा, स्वास्थ्य बीमा बोर्ड, टेकुः *यसै अनुसार व्यवस्थापन गर्नु हुन ।*

श्री प्रदेश शाखा कार्यालयहरू (सात वटै) *आफ्नो प्रदेश अन्तर्गतका सेवा प्रदायक संस्थाहरूलाई जानकारी गराउनु हुन ।*

श्री जिल्ला सम्पर्क कार्यालयहरू (७७ वटै)